# पाठ ८

# वर्षा

लक्ष्मीप्रसाद देवकोटा

puspas.com.np

**शब्दार्थ**

वायुपङ्खी : हावामा उड्ने, पखेटा भएको
विमान : आकाश मार्गबाट जाने सवारी, आकाशमा उड्ने यान, वायुयान
घर्षी : घर्सेर
शिखर : पहाडको सबभन्दा माथिल्लो भाग, चुचुरो, टाकुरो
गरजी : ठुलो स्वरले गड्याङगुडुङ गरेर, गर्जेर
आसमान : आकाश, देवलोक
झिल्के : झिल्को भएको, चमकदार, बिजुली
झिल्का : आगाको सानो कण, अग्निकण
अचल : चलाउन नसकिने, नचल्ने, पर्वत, पहाड
नील गाढा : गाढा निलो रङ, आकासे रङ
कलिलिन् : कलिली बनिन्
चदर : पछ्यौरा, ओढ्ने, मजेत्रो, बर्को
मेघ : बादल, आकाशमा जम्मा भएको जलकण
मोती-लुङ : एक प्रकारको बहुमूल्य सेतो रत्न मिसिएको पोते, माला आदिको गुच्छाको, लहर, बिजुली
पोल्टो : पोको पार्न प्रयोग गरिने पटुका आदिको फेरो
रतन-निधि : बहुमूल्य सम्पत्ति
शैल : पहाड, पर्वत
नतरसून : नतर्सून्, नडराऊन्
स्वर्ग-छाना : आकाश
चिर : धेरै समयसम्म रहने, लामो समय
चक्रँदो चिल : आकाशमा माथि माथिसम्म गोलो चक्र बनाएर उड्ने एक हिंस्रक पक्षी
धूली खोला : धुलोमुलो लागेर धमिलो देखिएको खहरे खोला
सलिल : जल, पानी
दौरामा : दौरानमा, दगुऱ्याइमा
जलधी-दुहिता : समुद्रकी छोरी, वर्षा
साम्य : समानताको भाव
कारुण्य भाव : दयाको भावना, करुणाको भाव
अवनिको : पृथ्वीको, धर्तीको
आनन्द-लुट : आनन्द लिने काम
सलिल-कलिली : पानीले गर्दा कलिली बनेकी
गाई : गाएर
चपलवयसी : चञ्चल उमेर भएकी, युवती
दृक्-विजूली : बिजुली जस्ता चञ्चल आँखा
तृण : घाँसपात, दुबो आदि वनस्पति
हरा : हरियो
कबुली : कबुल गरेर, चाहना गरेर, आशा राखेर
पारावार : समुद्ररूपी युवक
प्रभु-हृदय : शक्तिशाली हृदय भएको
सङ्गीत केली : सङ्गीतको प्रेमपूर्ण खेल
तरु : वृक्ष
घटघट : वर्षा हुँदा आउने आवाज, घैँटाबाट पानी खन्याउँदा निस्कने आवाज
पीयूष : अमृत

puspas.com.np


अमित-कनिका : वर्षाका कणरूपी असीमित कनिका
धरा : पृथ्वी, धर्ती
विटप : रूखका हाँगा
गानाको गगन : गीत सङ्गीतले युक्त भएको आकाश
बहाड : रमाइलो बाढी
सुखजलधि : सुखको समुद्र
मुजुर-मन : मुजुरको जस्तै रमाएरको मन
पिच्छ : मुजुरको पुच्छर
रङ्गधारे : विभिन्न रङ धारण गरेको

## अभ्यास

पेज ७३

### सुनाइ

१. **'वर्षा' कविता शिक्षकबाट सुन्नुहोस् र त्यसैअनुसार सामूहिक रूपमा सस्वर वाचन गर्नुहोस् ।**

उत्तर: 'वर्षा' कविता कक्षामा शिक्षकबाट सुन्ने र त्यसैअनुसार विद्यार्थीले सामूहिक रूपमा सस्वर वाचन गर्ने ।

२. **कविताको चौथो र पाँचौँ श्लोक सुन्नुहोस् र त्यसका आधारमा निम्नलिखित प्रश्नको उत्तर दिनुहोस् :**

(क) **पानी परेपछि खहरे खोला कसरी बग्न थाल्छ ?**

उत्तर: पानी परेपछि खहरे खाला धुलोमैलो सहित अटुट रूपमा बग्न थाल्छ ।

(ख) **प्राणीहरू कति बेला फस्टिने छन् ?**

उत्तर: प्राणीहरू अटुट रूपमा अमृतलहरी पाउँदा फस्टिने गर्छन् ।

(ग) **सबैमा समान रूपमा कारुण्य भाव राख्ने को हुन् ?**

उत्तर: सबैमा कारुण्य भाव राख्ने जलधि-दुहिता वा वर्षा हुन् ।

(घ) **पृथ्वी के कारणले कलिली हुन्छिन् ?**

उत्तर: पृथ्वी धानले छोपिएका कारण कलिली हुन्छिन् ।

(ङ) **युवतीहरूले कस्ता आँखा लिएर धान रोप्न थाल्छन् ?**

उत्तर: युवतीहरूले बिजुली जस्ता चञ्चल आँखा लिएर धान रोप्न थाल्छन् ।

(च) **धान रोप्ने युवतीहरू कस्ता छन् ?**

उत्तर: धान रोप्ने युवतीहरू सङ्गीतको प्रेमपूर्ण खेल खेल्ने जस्ता छन् ।

३. **कविताको सातौँ श्लोक सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :**

(क) **वर्षा हुनासाथ वनका सम्पूर्ण वृक्षहरूलाई कविले उठेर गीत गाउन आग्रह गरेका छन् ।**

(ख) **अमृतरूपी पानीका धारा घैँटाको पानी जस्तै घटघट गरी बर्सन्छन् ।**

(ग) **आकाशबाट पानी दर्के पनि पृथ्वीले पिउन मान्दिनन् ।**

(घ) **जराबाट पानी पाउने भएपछि रुखका हाँगाहरू उफ्रँदै, नाच्दै चारैतिर हल्लिन थाल्छन् ।**

उत्तर: (क) ठिक
(ख) ठिक
(ग) बेठिक
(घ) ठिक

puspas.com.np

४. **तलको गद्यांश सुन्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

*वर्षा आनन्द प्राप्तिको समय हो । यो समयमा रस (पानी) र धर्तीको मिलन हुन्छ । धर्तीमा रहेका सम्पूर्ण वनस्पति, रूख, बिरुवा, प्राणी आदिले जीवनका लागि ऊर्जा प्राप्त गर्छन् । मानवको मनमा खेतमा धान रोपेर मङ्सिरमा अन्ने ऐश्वर्य ल्याई यस धर्तीमा आफू बाँचेर अरूलाई पनि बचाउने कल्पनाको बाढी आउँछ । आकाश गीत, सङ्गीतले युक्त हुन्छ । धर्तीका सम्पूर्ण प्राणीहरू सुखरूपी समुद्रमा पौडी खेल्न पुग्छन् । रातै फुलेको असारे फुललाई आफ्नो साझा झन्डा सम्झेर सबै खुसीले रम्न पुग्छन् । यो समय बहुरङ्गी पुच्छर भएको मुजुरको जस्तै रमाएको मन भएर सुखको जलधिमा पौडी खेल्ने समय हो ।*

**प्रश्नहरू**

(क) **वर्षालाई किन मिलनको समय भनिएको हो ?**

उत्तर: वर्षा आनन्द प्राप्तिको समय भएकाले मिलनको समय भनिएको हो ।

(ख) **वर्षाको समयमा मानव मनमा कस्तो बाढी आउँछ ?**

उत्तर: वर्षाको समयमा मानव मनमा खेतमा धान रोपेर मङ्सिरमा अन्न ऐश्वर्य ल्याई आफू बाँचेर अरूलाई पनि बचाउने कल्याणको बाढी आउँछ ।

(ग) **वर्षामा सबै खुसीले रम्नुको कारण के हो ?**

उत्तर: आकाश गीत, सङ्गीतले युक्त हुनु, धर्तीका सबै प्राणीहरू सुखरूपी समुद्रमा पौडी खेल्नु, रातै फुलेको असारे फुललाई आफ्नो झन्डा सम्झेर नै वर्षामा सबै खुसीले रम्नुको कारण हो ।

(घ) **वर्षा कस्तो समय हो ?**

उत्तर: वर्षा बहुरङ्गी पुच्छर भएको मुजुरको जस्तै रमाएको मन भएर सुखको जलधिमा पौडी खेल्ने समय हो ।

(ङ) **वर्षामा ककसले ऊर्जा प्राप्त गर्छन् ?**

उत्तर: वर्षामा धर्तीमा रहेका सम्पूर्ण वनस्पति,रूख, बिरुवा, प्राणी आदिले ऊर्जा प्राप्त गर्दछन् ।

## बोलाइ

५. **तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :**

**पाङ्ग्रा, घर्षी, पोल्टो, कारुण्य भाव**

उत्तर: दिइएका शब्द विद्यार्थीले शुद्धसँग उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

६. **तलका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) **'वर्षा' कविताका लेखक को हुन् ?**

उत्तर: 'वर्षा' कविताका लेखक लक्ष्मीप्रसाद देवकोटा हुन् ।

(ख) **वर्षा ऋतुमा कुन-कुन महिना पर्छन् ?**

उत्तर: वर्षा ऋतुमा साउन र भदौ महिना पर्छन् ।

(ग) **वर्षा कसरी आउँछिन् ?**

उत्तर: वर्षा वायुपङ्खी विमानमा चढेर हरर आउँछिन् ।

(घ) **वर्षालाई के नपहिरी चित्त बुझ्दैन ?**

उत्तर: वर्षालाई लाखौं मोती - लुङ नपहिरी चित्त बुझ्दैन ।

(ङ) **वर्षा किन स्नेहले मुस्कुराइन् ?**

उत्तर: वर्षा बहुमूल्य सम्पत्तिका मायाले मुस्कुराइन् ।

puspas.com.np

७. **पाठका आधारमा वर्षा ऋतुमा देखिने परिवर्तनका बारेमा समूह बनाएर छलफल गर्नुहोस् ।**

उत्तरः कक्षामा उपस्थित विद्यार्थीलाई समूह/समूहमा विभाजन गर्ने र वर्षा ऋतुमा देखिने परिवर्तनका बारे शिक्षकले छलफल गर्न लगाउने ।

**नोटः** वर्षा ऋतुमा आसमान थर्काउँदै मेघ गर्जिएर पानी हरर वर्सिने, बिजुली चम्किने शिखरहरू सुन्दर देखिने, धुलोमैलो सहित खहरे खोला बहने, पृथ्वीमा धान रोप्ने, युवतीहरूले चञ्चलताका साथ धान रोप्ने, शक्तिशाली सङ्गीतको आवाज घन्किने, मिठा मिठा लाखौं लाख रसिला फलफूल पाइने, स्वर्गबाट अमृतको धारा झैं पानी बर्सिने, आनन्द र उमङ्गको समय जस्ता कुराको परिवर्तन देखिने भनी चर्चा गर्ने ।

८. **कुनै दुई जना साथीहरू उठेर कक्षामा वर्षा ऋतुका बारेमा संवाद गर्नुहोस् ।**

उत्तरः श्याम : ए हरि, ल भन त यो कुन ऋतु हो ?

हरि : यो वर्षा ऋतु हो नि ।

श्याम : कसरी ?

हरि : आकाशमा मेघ गड्याङगुडुङ गर्दै दरर पानी परेको देखेनौ ?

श्याम : यति नै हो त वर्षा ऋतुको परिचय ?

हरि : यति मात्र कहाँ हुनु नि । तिमी विद्यालय आउँदा खेतबारीमा युवा युवतीहरू गीत र सङ्गीतको धुनसँगै खेतमा काम गरेको देख्यौ नै होला । त्यति मात्र होइन मुजुर नाचेको र खहरे खोला धुलोमैलो सोहोर्दै बगेको पनि देख्यौ होला हैन ?

श्याम : हो, यी सबै कुरा देखें । अरू पनि केही छ कि ?

हरि : किन नहुनु नि । हिमाल, पहाड र खेतबारी जताततै रसिलो बनेको, मानिस मङ्सिरमा अन्न भित्र्याउने आशा र उमङ्ग साँचेर काममा व्यस्त भएको पनि त देख्यौ होला नि ?

श्याम : देखें बा देखें वर्षा ऋतुमा धेरै कुरा देख्न र सुन्न पाइँदो रहेछ ।

हरि : हो त ।

## पढाइ

९. **गति, यति र लय मिलाई कविता वाचन गर्नुहोस् ।**

उत्तरः शिक्षकको उपस्थितिमा कक्षामा विद्यार्थीले गति, यति र लय मिलाएर कविताको वाचन गर्ने ।

१०. **कविताको छैटौं श्लोक मौन पठन गरी तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **वर्षामा बिज्जुले के झर्छन् ?**

उत्तरः वर्षामा भिज्जुले मिठा मिठा अमृतका रस झर्छन् ।

(ख) **तरुहरू सबै प्राणीलाई के भन्न पाउँछन् ?**

उत्तरः तरुहरू सबै प्राणीलाई राम्रा-राम्रा फलहरू चाख भन्न पाउँछन् ।

(ग) **रूखका हाँगाहरू आफ्नो फल दान गर्नलाई कहिले लच्किन्छन् ?**

उत्तरः रूखका हाँगाहरू आफ्नो फल दान गर्नलाई शरद् ऋतुमा लच्किन्छन् ।

(घ) **कविको इच्छा के छ ?**

उत्तरः कविको इच्छा आदेश दिने छ ।

(ङ) **'तरु', 'निल','शाखा' र 'आदेश' शब्दको अर्थ के हो ?**

उत्तरः तरु - वृक्ष, रूख, निल - निलो, निर, शाखा -रूखको हाँगो

आदेश - कुनै कामका लागि ठुलाले सानालाई दिने आज्ञा, अह्रोट

puspas.com.np

**११. पाठको पहिलो र दोस्रो श्लोक पढी छोटो उत्तर आउने तीनओटा प्रश्न निर्माण गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**उत्तर:** (क) वर्षा ऋतुमा बादलको गतिविधि कस्तो हुने गर्छ ?

(ख) पहिलो श्लोकमा कस्तो प्रकृतिको चित्रण गरिएको छ ?

(ग) सबैमा समान रूपमा किन कारुण्य भाव राखिएको हो ?

**१२. 'सारा', 'धारा' जस्ता अनुप्रयासयुक्त शब्द पाठबाट खोजेर शिक्षकलाई भन्नुहोस् ।**

**उत्तर:**

| | | |
|---|---|---|
| विमान - आसमान, | घर्षी - गरजी, | गाढा - टाढा, |
| ह्वैन - हुँदैन, | मुस्कुराइन् - फर्फराइन्, | नाना - छाना, |
| बिजुली - कबुली, केली, | लाखा - शाखा, | सारा - धारा, |
| धराले - जराले, | चहाड - बहाड, | असारे - रङ्गघारे |

**१३. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।**

*हृदयले नवागत पाहुनाको प्रेमपूर्वक स्वागत गरिरहेछ । क्षितिजको किनारमा पूर्वका डाँडामाथि आजको प्रभातको मनोहर मुहान देखिनासाथ टुक्रिएर बादलका छिरबिरे फैलावटमा आनन्दको गुलाबी रङ चढ्यो, एकैछिन पृथ्वीलाई स्वर्गको रङ्ले हलुका तबरले छायो । ईश्वरको आज्ञाले तथा सन्तानउपरको कारणले पृथ्वीले कलिलोपन लिएकी छन् । हामी सुनौलो बोलीका आशाले बिउ रोप्न जान्छौं । हातमा हरिया धानका बिउ छन्, लयमा आनन्द र आकाङ्क्षा, मुटुमा लयदार स्पन्दन, गालामा उर्लंदो दिलको मधुर गान । आज हामीरू दबदबे, कलिला खेतमा पस्दछौं । आज नेपालमा खुसीको रोपाइँ छ, आज आषाढको प्रन्ध्र हो ।*

*दिन विभिन्न काममा लागेका गाउँले, खेतीवालहरू सबै खेत खेत, फाँट फाँटभरि कोदाली लिँदै नाच्दै उफ्रँदै जान्छन् । बैंसालु ठिटीहरू बिउका मुठा लिएर गानाका टुक्रा टुक्रा मात्र केही खुला केही लचिलो चालले बराबर पक्रेर बिच बिचमा यौवनको स्वभावले मुखामुख गर्दै हाँस्दछन् । वायु मण्डल गानाले गुञ्जायमान हुन्छ । यिनीहरूको सुरिलो सहज आवाजले हावाका सिरिला लहरमा हृदयको सुवास चढाइदिन्छ । यस्ता गलाको प्राकृतिक माधुरीले सारा गान विद्याका कठोर तरज, सास, पसिना काढ्ने वस्तादहरू रफत, महफिलका विकृत चेहरादार गवैयाहरू, सारा गान विद्याको चेहरा सरमले लाल गराइदिन्छ । (लक्ष्मीप्रसाद देवकोटा : आषाढको पन्ध्र)*

**प्रश्नहरू**

**(क) पृथ्वीले कसरी कलिलोपन लिएकी हुन् ?**

**उत्तर:** पृथ्वीले ईश्वरको आज्ञा तथा सन्तातउपरको करुणाले कलिलोपन लिएकी हुन् ।

**(ख) नेपालमा रोपाइँलाई किन खुसीको रूपमा लिइन्छ ?**

**उत्तर:** नेपालमा रोपाइँलाई हातमा हरिया धानका बिउ, लयमा आनन्द र आकाङ्क्षा, मुटुमा लयदार स्पन्दन, गालामा उर्लंदो दिलको मधुर गान एवम् दबदबे कलिला खेतका गराका कारण खुसीको रूपमा लिइन्छ ।

**(ग) अरू दिन र असारको पन्ध्रका बिच के फरक छ ?**

**उत्तर:** असारको प्रन्धका दिन उमङ्ग, बैंसालु जोस र फुर्ती देखिने र अरू दिन नदेखिने हुनाले अरू दिन र असारको पन्ध्रका बिच यही फरक छ ।

**(घ) मानो रोपेर मुरी उब्जाउने उद्देश्यले बर्सादको समयमा खेतमा काम गर्ने किसानलाई तपाईं के सुझाव दिन चाहनुहुन्छ ?**

**उत्तर:** मानो रोपेर मुरी उब्जाउने उद्देश्यले बर्सादको समयमा खेतमा काम गर्ने किसानलाई म तल्लीन भएर उत्साहपूर्वक आफ्नो कृषिकर्ममा लाग्न सुझाव दिन चाहन्छु ।

**(ङ) 'आकाङ्क्षा', 'क्षितिज' र 'गवैया' शब्दको अर्थ लेख्नुहोस् ?**

**उत्तर:** आकाङ्क्षा - इच्छा, चाहना, अभिलाषा

क्षितिज - पृथ्वी र आकाश जोडिए जस्तो देखिने आफू बसेभन्दा परको आकाशको परिधि वा त्यस्तो घेरो

गवैया - गीत गाउने मान्छे, गायक

puspas.com.np

**लेखाइ**

१४. **पाठका आधारमा सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) **वर्षा ऋतुका विशेषताहरू के-के हुन् ?**

**उत्तर:** वर्षा ऋतु भन्नाले बर्सादको मौसम वा पानी पर्ने समय भन्ने बुझिन्छ । यो ऋतु प्राकृतिक समय विभाजन अनुसार श्रावण र भाद्र दुई महिनासम्म रहन्छ । आषाढ महिनाभन्दा पछि र आश्विन र कार्तिक महिनाभन्दा अघि आउने ऋतु नै वर्षा ऋतु हो । यस बेला क्षितिजका चारै दिशाबाट उठ्ने काला काला बादलहरू आकाशमा मडारिन थाल्छन् र बिजुली चम्किन थाल्छ । बादल पनि गर्जन न बर्सन थाल्छ । ससाना खहरेहरू धुलोमैलो सोरेर उर्लिन थाल्छन् । त्यसैले प्राकृतिक संसारमा खुसीको वर्षा भइरहेको हुन्छ ।

आकाशमा घनघटा मडारिँदा कृषकका सरल हृदयमा आशा र उमङ्गका भाव मडारिन्छन् । यस्तै कृषक, युवायुवती सबैमा हाँसो, उमङ्ग र फुर्ती बढाउने काम गर्नु, खुसीले मुजुर नाच्नु आदि वर्षा ऋतुका विशेषता हुन् ।

(ख) **वर्षा भएपछि प्रकृति र मानवमा के कस्ता परिवर्तनहरू देखा पर्छन् ?**

**उत्तर:** वर्षा भएपछि प्रकृति र मानवमा थुप्रै परिवर्तनहरू देखा पर्छन् । आकाशभन्दा बादलहरू मडारिनु र गर्जिनु अनि बर्साद हुनु जस्ता प्रकृतिमा देखिने परिवर्तन हुन् । बर्साद भएपछि खहरे र खोलानाला सङ्गीत भर्दै सुसाउन थाल्छन् । उता मानवमा बर्सादले आशा र उमङ्गको भाव सञ्चार गरिदिन्छ । कृषकहरू आफ्ना औजार बोकेर घरबाट बाहिरिन्छन् । खेतका गरामा युवायुवतीहरू उत्साह र उमङ्गका साथ कृषिकर्ममा तल्लीन भएर लाग्छन् र आनन्दको अनुभूति पनि त्यत्तिकै गर्छन् । मानवमा उत्साह भरिदिने र भविष्यप्रति मिठो आशा जगाई कर्ममा लाग्नलाई प्रेरित गर्ने पनि वर्षा ऋतुले गर्दछ । वर्षा भएपछि प्रकृति र मानवमा यिनै परिवर्तनहरू देखा पर्छन् ।

(ग) **वर्षापछि रूखवृक्षहरूको कस्तो इच्छा हुन्छ ?**

**उत्तर:** वर्षापछि रूखवृक्षहरूको इच्छा मिठा-मिठा अमृत रसका लाखौँ लाख बिज्जुले भर्ने हुन्छ । वृक्षले राम्रा-राम्रा फल पाउने र अरूले चाख्न योग्य बन्ने चाहना पनि हुन्छ । त्यसै शरद् ऋतुमा पुगेपछि लचक्क लच्किने गरी दाना फल्न पाउने इच्छा पनि रुखवृक्षहरूको रहेको छ । त्यसैै गरी खुसीले एक भई उठ्ने र गाना गाउने आकाशबाट पीयूष धारा बर्सेको आनन्द लिने इच्छा पनि हुन्छ ।

(घ) **वर्षालाई किन सुखको जलधिमा पौडिने समय भनिन्छ ?**

**उत्तर:** वास्तवमा वर्षाको समयमा प्रकृति र मानव समाजमा एक किसिमको नयाँपन छाइरहेको हुन्छ । प्रकृतिले मानौँ मानव जगत्लाई ब्युँझाइरहेको हुन्छ । आकाशमा बादलहरू मडारिन र गर्जिँदै बर्साद हुन्छ । प्रचण्ड गर्मीपछि बर्साद हुँदा धर्ती हराभरा देखिन्छ भने मानवमा उत्साह मात्र होइन, भविष्यप्रति आशा पनि पलाउन थाल्छ । फोहोर मैला पानीले बगाएर लैजाने र प्रकृति जगत्मा बाँच्ने मुजुरजस्ता प्राणीहरू पनि रमाइलो गरी नाच्न थाल्ने हुनाले वर्षालाई सुखको जलधिमा पौडिने समय भनिन्छ ।

puspas.com.np

१५. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) **बाली राम्रो, तृण अति हरा, वर्ष राम्रो कबूली**
**पारावार प्रभु-हृदयको फुट्छ सङ्गीत केली ॥**

**उत्तर:** माथि दिइएका भावपूर्ण तथा सारगर्भित पङ्क्तिहरू लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'वर्षा' शीर्षकको कविताबाट उद्धरण गरिएका हुन् । देवकोटा नेपाली साहित्यका एक बहुमुखी प्रतिभा हुन् । यिनले फुटकर कवितादेखि महाकाव्यसम्मको यात्रा गरेका छन् भने निबन्ध, नाटक, कथा, उपन्यास जस्ता विधामा पनि कलम चलाएका छन् । यिनको कविता र निबन्धका क्षेत्रमा विशिष्ट योगदान रहेको छ । स्वच्छन्दतावादी काव्यधाराका अग्रणी प्रतिभा देवकोटाका काव्य कविताहरूमा प्रकृति, मानव र ईश्वरको त्रिपक्षीय सम्बन्ध रहेको कुरा उल्लेख गरिएको छ । अत्यन्त भावुक र कल्पनाका धनी देवकोटाले 'वर्षा' कवितामा वर्षा ऋतुका बेला प्रकृति र मानव जीवनमा परिवर्तन आएको कुरा उल्लेख गरेका छन् । उनले उक्त पङ्क्तिमा बर्सादका बेला प्रकृतिको सुन्दर क्रीडा देखिने कुरा बताएका छन् ।

ग्रीष्म ऋतुका बेला सूर्यका प्रचण्ड तापले शुष्क बनेका बोट बिरुवाले वर्षा ऋतुको आगमनसँगै जीवन बाँच्न सञ्जीवनी प्राप्त गर्दछन् । प्रकृतिले आफ्नो रूप फेर्छ । किसानले लगाएको बालीनाली सप्रिन थाल्दछ । घाँस, पात, दुबो आदि र वनस्पतिमा हरियाली छाउँछ । वर्षा भएपछि यो वर्ष राम्रो होस्, बालीनाली सप्रियोस् भन्ने सबैले सदिच्छा राख्छन् । यस्तो बेला समुद्ररूपी युवकको शक्तिशाली हृदयको सङ्गीतको प्रेमपूर्वक खेल देख्न सकिन्छ । अर्थात् अद्भुत किसिमको प्राकृतिक सङ्गीतको सौन्दर्य यस बेला प्रस्फुटित हुन पुग्छ ।

वर्षा ऋतुले ल्याएको उमङ्ग र आनन्दको क्षणलाई प्रस्तुत गरिएको उक्त पङ्क्तिमा जटिल तत्सम शब्द तृण, हरा, पारावार, प्रभु -हृदय, सङ्गीत र कबुली, केली जस्ता कविद्वारा निर्मित शब्दहरूका माध्यमबाट प्रकृतिप्रेमको भावलाई यहाँ प्रस्तुत गरिएको छ । मन्दाक्रान्ता जस्तो शास्त्रीय छन्द र अन्त्यानुप्रयासयुक्त भाषा शैलीका माध्यमबाट कविले प्रकृतिप्रतिको उच्च प्रेमलाई सशक्त र प्रभावकारी रूपमा प्रस्तुत गरेका छन् ।

(ख) **लौ लौ गाओ दल दल वनै, वृक्ष हो ऊठ सारा**
**बर्से घैंटा घट घट गरी स्वर्ग-पीयूष धारा ।**

**उत्तर:** माथि दिइएका सुन्दर तथा भावपूर्ण पङ्क्तिहरू कवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'वर्षा' कविताबाट साभार गरिएका हुन् । देवकोटा नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारालाई भित्र्याउने सशक्त प्रतिभा हुन् । बहुमुखी प्रतिभाका रूपमा परिचित देवकोटाले असङ्ख्य फुटकर कविता, थुप्रै खण्डकाव्य र आधा दर्जनभन्दा बढी महाकाव्य लेखेका हुन् । कविता र निबन्ध विधामा विशिष्ट योगदान दिने देवकोटा एक भावना र कल्पनाको उडानमा रमाउने प्रतिभा हुन् । प्रकृतिप्रेम, देशप्रेम, मानवतावाद, अतीतप्रतिको आकर्षण आदि यिनका प्रमुख विशेषता मानिन्छन् । यिनका कवितामा प्रकृतिले समेत मान्छेकै जस्तो क्रियाकलाप गर्छन् वर्षा ऋतुका बेला खुसी भएर आनन्द मनाउन आह्वान गर्ने सन्दर्भमा कविले उक्त पङ्क्ति प्रस्तुत गरेका हुन् ।

कवि वर्षा ऋतुको उमङ्गमा अत्यन्त खुसी भएका छन् । उनको खुसियाली प्रकृति जगत्मा गएर पोखिएको छ । उनी वनलाई समेत खुसी प्रकट गर्न आह्वान गर्दछन् । कवि वनलाई समूह समूह बनेर वर्षा ऋतुको सुमधुर गीत गाउन आग्रह गर्छन् । यति मात्र होइन वृक्षलाई अब चुप लागेर बस्ने भन्दा सक्रिय भएर उठ्ने बेला आएको कुरा उनी बताउँछन् । यस बेला

puspac.com.np

- आकाशबाट पीयूष धारा बर्सिरहेको छ । घट घटको आवाजका साथ बर्सिएको पानीले सर्वत्र उमङ्ग छाएको छ । त्यसैले कवि वृक्षहरूलाई समेत जाग्न र सक्रिय हुन यहाँ आह्वान गर्छन् ।
- प्रकृतिप्रेमी कवि देवकोटा वर्षा ऋतुमा छाएको उमङ्गलाई प्रस्तुत गर्छन् । उनी मानवलाई मात्र होइन प्रकृतिलाई समेत आनन्दमा समाहित हुन आह्वान गर्छन् । केही सरल र मिठासपूर्ण तत्सम शब्द र ठेट नेपाली शब्दको प्रयोग अनि मन्दाक्रान्दा छन्द र अन्त्यानुप्रयासयुक्त (सारा, धारा) शब्दावलीका माध्यमबाट प्रकृतिप्रेमसम्बन्धी भावलाई यहाँ प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ ।

**१६. कविले 'वर्षा' कवितामा प्रकृतिको वर्णन कुन रूपमा गरेका छन्, विवेचना गर्नुहोस् ।**

**उत्तर:** आधुनिक नेपली साहित्यका क्षेत्रमा स्वच्छन्दतावादी काव्यधाराका अग्रणी प्रतिभा लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'वर्षा' शीर्षकको कवितामा वर्षा ऋतुका बेला प्रकृति र मानवमा देखिने परिवर्तनलाई अत्यन्त भावुकताका साथ प्रस्तुत गरिएको छ । देवकोटा स्वयम् प्रकृतिप्रेमी कवि हुन् । उनलाई प्रकृतिका हरेक गतिविधिले भावुक र संवेदनशील बनाइदिन्छ । उनी प्रकृतिसँग मज्जाले दोहोर कुराकानी गर्न सक्छन् । वर्षा ऋतुका बेला प्रकृति र मानवमा देखिएको परिवर्तनलाई 'वर्षा' कवितामा उनले स्वाभाविक रूपमा प्रस्तुत गरेका छन् ।

वर्षा शब्दले बर्साद, पानी पार्ने काम, पानीको बर्साद आदि अर्थ प्रकट गर्छ । मौसम र प्राकृतिक अवस्था अनुसार वर्षभरिका दुई दुई महिनाका दरले फेरिने वातावरणको स्थिति वा त्यसअनुसार हुने समय विभाजनलाई 'ऋतु' भनिन्छ । कविले यस कवितामा वर्षा ऋतुको महिमागान गरेका छन् । अतः वर्षा ऋतु प्राकृतिक समय विभाजन अनुसार श्रावण र भाद्र महिनामा पर्दछ । समयचक्र अनुसार ग्रीष्म ऋतुपछि र शरद् ऋतुअघि आउने ऋतु नै वर्षा ऋतु हो । श्रावण र भाद्र यी दुई महिना वर्षा ऋतुका महिना हुन् र यस अवधिमा हुने बर्सादले समस्त चराचरलाई नवजीवन र नवस्फूर्ति प्रदान गर्छ ।

प्रचण्ड गर्मीको मौसमपछि आउने वर्षा ऋतुले समस्त चराचर र जनमानसबाट आत्मीय स्वागत पाएको हुन्छ । बर्सादको आगमनले कविका अनुसार नयाँ जीवनको सञ्चार हुन्छ । वर्षा हरर गर्दै वायुपङ्खी विमान चढेर अनेक गर्जन सहित आउने गर्छ । बिजुलीका झिल्का झिल्कीले धर्तीलाई चम्किलो पार्दै डाँडापाखा एवम् चुचुरोलाई समेत चम्काउने काम गर्छ । चराहरू मेघको आवाजले त्रसित बने पनि आनन्दको वर्षा भइरहेको हुन्छ । पृथ्वी धानले सजिएकी हुन्छिन् । चपला युवतीहरूले धान रोपिरहेका बेला बिजुलीले मिठो सङ्गीतको धुन प्रवाहित गर्छ । कृषकहरू फलको आश गर्दै मेहनत साथ काम गरिरहेका देखिन्छन् । यस्तो बेला कवि वनलाई समूह समूह बनाएर अघि बढ्न आह्वान गर्छन् । यो एउटा रस मिलनको चाड हो भन्ने कविलाई लागेको छ । यस्तो बेला सुखरूपी जलधिमा डुब्नु नै श्रेयस्कर हुने कवितालाई लागेको छ ।

यसरी कवि देवकोटाले यस कवितामा प्रकृतिलाई मित्र वा साथीका रूपमा हेर्दै वर्षा ऋतुले प्रकृति र मानवमा पारेका प्रभावको वर्णन गरेका छन् । वर्षाले प्रकृति र मानवमा उत्साह, उमङ्ग र सञ्जीवनी प्रदान गर्छ । यो एउटा जीवनदायी शक्ति हो भन्ने भावलाई यस कवितामा देवकोटाले प्रभावकारी रूपमा प्रस्तुत गरेका छन् ।

puspas.com.np

**१७. 'वर्षा' कविताको मूल भाव लेख्नुहोस् ।**

**उत्तर:** कवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'वर्षा' एक प्रकृतिपरक कविता हो । यस कवितामा देवकोटाले वर्षाकालीन समयमा प्रकृतिका गतिविधिहरू के कस्ता हुन्छन् र तिनले प्रकृति र मानव जीवनमा कस्तो प्रभाव पारेका हुन्छन् भन्ने कुरालाई मुख्य रूपमा प्रस्तुत गरेका छन् । अतः प्रकृतिप्रेम नै यस कविताको मुख्य भाव हो ।

वर्षाले प्रकृति र मानवमा नयाँ जीवन सञ्चार गर्छ । वर्षाको अभावमा समस्त चराचर र प्राणीको अस्तित्व सङ्कटमा पर्छ । प्रचण्ड गर्मीपछि वर्षा ऋतुको आगमनले प्रकृति र मानव जगत्मा हर्षको बहार छाएको छ । आकाशमा बादल मडारिँदै बिजुली चम्केर बर्साद हुँदा समस्त धर्तीमा प्राण सञ्चार भएको छ । कृषकहरू आफ्नो कृषिकर्ममा लागेका छन् भने वृक्ष र मानव बाहेक अन्य प्राणी खुसीले फुरुङ्ग भएका छन् । सबैतिर खुसी र बहार ल्याइदिने वर्षाको महिमागान गरिएको यस कवितामा प्रकृतिप्रेम र संस्कृतिप्रेमको भावलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ ।

**१८. तलका कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

ईंट काठको बटुली रास
यो घर ठाडो पार्ने खास ।

सकल बिलाए कर्मी ज्यामी
ओत बसेका छौं अब हामी ॥

छोड सबै त्यो रीस र राग
पुछिद्यौ दिलको कालो दाग ।

मिलिजुलि सबले घाम र पानी
छल्नै पर्दछ आखिर नानी ॥
(लेखनाथ पौड्याल - गौंथली बोल्यो चिरबिर च्यार्र)

**प्रश्नहरू**

**(क) घर खासमा कसले बनाएका हुन् ?**

**उत्तर:** घर खासमा कर्मी र ज्यामीले बनाएका हुन् ।

**(ख) हामीले किन रिस र राग त्याग्नुपर्छ ?**

**उत्तर:** मानिसको जीवन क्षणिक र नाशवान् भएको हुनाले हामीले रिस, राग त्याग्नुपर्छ ।

**(ग) हामी सबै मिलीजुली बस्नुपर्नाको कारण के हो ?**

**उत्तर:** हामी सबै मिलीजुली बस्नुपर्नाको कारण घाम र पानी छल्नै पर्नाले हो ।

**(घ) माथिको कवितांशको मुख्य भाव के हो ?**

**उत्तर:** मानिसको जीवन क्षणिक र नाशवान् भएको हुनाले लोभ, लालच नगर्नु र घमन्ड नगरी सबैसँग मिलीजुली जीवन बिताउनुपर्छ भन्नु नै माथिको कवितांशको मुख्य भाव हो ।

**(ङ) 'सकल' र 'आखिर' शब्दको अर्थ लेख्नुहोस्,**

**उत्तर:** सकल - सम्पूर्ण, सबै, समग्र, पुरा
आखिर - अन्त्यमा, सबैभन्दा पछि, परिणाममा

puspas.com.np

१९. **पाठमा भएका तलका शब्दहरूलाई प्रचलित वर्णविन्यासअनुसार सच्याएर अभ्यास पुस्तिकामा लेख्नुहोस् :**
**ह्वैन, नतरसून्, बिजूली, यौटा, ऊठ**

उत्तर: ह्वैन - होइन
नतरसून् - नतर्सियून्
बिजूली - बिजुली
यौटा - एउटा
ऊठ - उठ

## व्याकरण

१. **पाठमा प्रयोग भएका तलका उपसर्ग व्युत्पन्न शब्दको बनोट प्रक्रिया हेर्नुहोस् र त्यस्तै उपसर्ग लागेर बनेका तीन-तीनओटा शब्दनिर्माण गर्नुहोस् :**

| उपसर्ग | | आधार पद | | व्युत्पन्न शब्द |
|---|---|---|---|---|
| वि | + | मान | = | विमान |
| अ | + | चल | = | अचल |
| प्र | + | कृति | = | प्रकृति |
| आ | + | शङ्का | = | आशङ्का |

उत्तर:

| | | | | |
|---|---|---|---|---|
| वि | + | वि + देश | = | विदेश |
| | | वि + हार | = | विहार |
| | | वि + विकल्प | = | विकल्प |
| अ | + | अ + काल | = | अकाल |
| | | अ + ज्ञान | = | अज्ञान |
| | | अ + सन्तोष | = | असन्तोष |
| प्र | + | प्र + चण्ड | = | प्रचण्ड |
| | | प्र + बन्ध | = | प्रबन्ध |
| | | प्र + देश | = | प्रदेश |
| आ | + | आ + देश | = | आदेश |
| | | आ + योग | = | आयोग |
| | | आ + जन्म | = | आजन्म |

२. **तलका उपसर्गबाट दुई-दुई ओटा शब्दनिर्माण गर्नुहोस् :**
**अति, अधि, अन, ना, दुस्, गैर्, परा, उप, अव, अभि, सम्, अनु, सु, कु, अप, सह, बद, बि, बे, निर्, दुर्, उत्, न**

उत्तर:

| | | | |
|---|---|---|---|
| अति - | अति + क्रमण | = | अतिक्रमण |
| | अति + शय | = | अतिशय |
| अधि - | अधि + नायक | = | अधिनायक |
| | अधि + कार | = | अधिकार |
| अन - | अन + मेल | = | अनमेल |
| | अन + जान | = | अजान |
| ना - | ना + मन्जुर | = | नामन्जुर |
| | ना + लायक | = | नालायक |
| दुस् - | दुस् + कर्म | = | दुष्कर्म |
| | दुस् + चरित्र | = | दुश्चरित्र |

puspas.com.np

| | | | |
|---|---|---|---|
| गैर - | गैर + नागरिक | = | गैरनागरिक |
| | गैर + सरकारी | = | गैरसरकारी |
| परा - | परा + जय | = | पराजय |
| | परा + क्रम | = | पराक्रम |
| उप - | उप + देश | = | उपदेश |
| | उप + चार | = | उपचार |
| अव - | अव + गुण | = | अवगुण |
| | अव + शेष | = | अवशेष |
| अभि - | अभि + रुचि | = | अभिरुचि |
| | अभि + लेख | = | अभिलेख |
| सम् - | सम् + देश | = | सन्देश |
| | सम् + वाद | = | संवाद |
| अनु - | अनु + मान | = | अनुमान |
| | अनु + शासन | = | अनुशासन |
| सु - | सु + कार्य | = | सुकार्य |
| | सु + गन्ध | = | सुगन्ध |
| कु - | कु + पात्र | = | कुपात्र |
| | कु + पुत्र | = | कुपुत्र |
| अप - | अप + मान | = | अपमान |
| | अप + कार | = | अपकार |
| सह - | सह + लेखन | = | सहलेखन |
| | सह + योग | = | सहयोग |
| बद - | बद + मास | = | बदमास |
| | बद + नियत | = | बदनियत |
| बि - | बि + सन्चो | = | बिसन्चो |
| | बि + जोग | = | बिजोग |
| बे - | बे + खबर | = | बेखबर |
| | बे + इमा | = | बेइमान |
| निर् - | निर् + दोष | = | निर्दोष |
| | निर् + अङ्कुश | = | निरङ्कुश |
| दुर् - | दुर् + गन्ध | = | दुर्गन्ध |
| | दुर् + नाम | = | दुर्नाम |
| न- | न + मजा | = | नमजा |
| | न + निको | = | ननिको |

३. **पाठमा प्रयोग भएका तलका प्रत्यय व्युत्पन्न शब्दको बनोट प्रक्रिया पढ्नुहोस् र 'ई' प्रत्यय लागेर बनेका तीनओटा नयाँ शब्द टिपी निर्माण प्रक्रिया देखाउनुहोस् :**

| आधार पद | | प्रत्यय | | व्युत्पन्न शब्द |
|---|---|---|---|---|
| चढ् | + | ई | = | चढी |
| प्राण | + | ई | = | प्राणी |
| झोला | + | ई | = | झोली |

**उत्तर:**

| | | | | |
|---|---|---|---|---|
| वायुपङ्खी | = | वायुपङ्ख | + | ई |
| उफ्री | = | उफ्र | + | ई |
| लहरी | = | लहर | + | ई |

pushpas.com.np

४. तलको अनुच्छेदमा प्रत्यय लागेका व्युत्पन्न शब्द टिप्नुहोस् र उदाहरणमा देखाए जस्तै गरी निर्माण प्रक्रिया देखाउनुहोस् :

*आधुनिक युगमा मानवीय आवश्यकता पूर्ति गर्न वैज्ञानिकहरूले नयाँ नयाँ कुराको अनुसन्धान गरेका छन् । गाउँलेहरू सहरिया भएका छन् तर आफ्नो कर्तव्य बिर्सन थालेका छन् । सहरमा औद्योगिक क्षेत्रको विकास मात्र होइन, दानवीय प्रवृत्ति पनि देखा परेको छ । विज्ञानले विविध क्षेत्रमा चामत्कारिक परिवर्तन गरे तापनि मानवता हराएको छ । शिक्षित नेपालीहरू पनि नैतिक र चरित्रवान् बन्न सकेका छैनन् । शैक्षिक बेरोजगारी बढेको छ, गरिबीले सताएको छ । सहरको यान्त्रिकताभित्र मानिसहरू दयालु र मायालु बन्न सकेका छैनन् । बसमा चढ्दा पनि होसियार बन्नुपर्छ, नत्र आफ्नो मोबाइलसमेत चोरी हुन सक्छ । सहरमा जङ्गली जनावरको डर त छैन तापनि रक्स्याहा, मिचाहा र नशालुको डर हुन्छ । झापाली, गोर्खाली, पाल्पाली, गुल्मेली र पर्वतेलगायत सबै नेपालीहरू मिल्नुपर्छ ।*

*उदाहरण :*

| | **आधार पद** | | **प्रत्यय** | | **व्युत्पन्न शब्द** |
|---|---|---|---|---|---|
| | अधुना | + | इक | = | आधुनिक |
| | मानव | + | ईय | = | मानवीय |
| | गुल्मी | + | एली | = | गुल्मेली |
| | पर्वत | + | ए | = | पर्वते |
| उत्तरः | आवश्यक | + | ता | = | आवश्यकता |
| | पूर् | + | ति | = | पूर्ति |
| | विज्ञान | + | इक | = | वैज्ञानिक |
| | गाउँ | + | ले | = | गाउँले |
| | सहर | + | इया | = | सहरिया |
| | कृ | + | तव्य | = | कर्तव्य |
| | उद्योग | + | इक | = | औद्योगिक |
| | दानव | + | ईय | = | दानवीय |
| | चमत्कार | + | इक | = | चामत्कारिक |
| | मानव | + | ता | = | मानवता |
| | शिक्षा | + | इत | = | शिक्षित |
| | नेपाल | + | ई | = | नेपाली |
| | नीति | + | इक | = | नैतिक |
| | चरित्र | + | वान् | = | चरित्रवान् |
| | शिक्षा | + | इक | = | शैक्षिक |
| | बेरोजगार | + | ई | = | बेरोजगारी |
| | गरिब | + | ई | = | गरिबी |
| | यान्त्रिक | + | ता | = | यान्त्रिकता |
| | दया | + | आलु | = | दयालु |
| | माया | + | आलु | = | मायालु |
| | होस | + | इयार | = | होसियार |

puspas.com.np

| | | | | |
|---|---|---|---|---|
| चोर् | + | ई | = | चोरी |
| जङ्गल | + | ई | = | जङ्गली |
| रक्सी | + | याहा | = | रक्स्याहा |
| मिच् | + | आहा | = | मिचाहा |
| नसा | + | आलु | = | नसालु |
| झापा | + | ली | = | झापाली |
| गोर्खा | + | ली | = | गोर्खाली |
| पाल्पा | + | ली | = | पाल्पाली |
| गुल्मी | + | एली | = | गुल्मेली |
| पर्वत | + | ए | = | पर्वते |
| नेपाल | + | ई | = | नेपाली |

**५. तलका प्रत्यय लगाई एक-एक ओटा शब्दनिर्माण गर्नुहोस् :**

**अन, अनी, अन्त, अन्ते, अक्कड, अत, अक, आइ, आइँ, आरो, आवट, आहा, इलो, उवा, एको, ति, ती, एर, ओट, ईन, इय, ईय, इया, आलु, आवट, आनी, एलु, अनीय, इत, इका, य, तव्य, ता, आहा, आन, औरो, इक, आइलो, ली, ले, इयार, पन, पना, त्व, इम, वान्, एली**

**उत्तर:**

| | | | | |
|---|---|---|---|---|
| अन | - | कृ + अन | = | करण |
| अनी | - | चाट् + अनी | = | चटनी |
| अन्त | - | लेख् + अन्त | = | लेखन्त |
| अन्ते | - | पढ् + अन्ते | = | पढन्ते |
| अक्कड | - | बोल् + अक्कड | = | बोलक्कड |
| अत | - | लिख् + अत | = | लिखत |
| अक | - | गै + अक | = | गायक |
| आइ | - | पढ् + आइ | = | पढाइ |
| आइँ | - | बस् + आइँ | = | बसाइँ |
| आरो | - | जोत् + आरो | = | जोतारो |
| आवट | - | मिस् + आवट | = | मिसावट |
| आहा | - | मिच् + आहा | = | मिचाहा |
| इलो | - | रस + इलो | = | रसिलो |
| उवा | - | भाँड् + उवा | = | भाँडुवा |
| एको | - | जा + एको | = | गएको |
| ति | - | गम् + ति | = | गति |
| ती | - | उठ् + ती | = | उठ्ती |
| एर | - | जा + एर | = | गएर |
| ओट | - | लेख् + ओट | = | लेखोट |
| ईन | - | नव + ईन | = | नवीन |
| इय | - | राष्ट्र + इय | = | राष्ट्रिय |
| ईय | - | केन्द्र + ईय | = | केन्द्रीय |

puspas.com.np

| | | | | |
|---|---|---|---|---|
| इया | - | सहर + इया | = | सहरिया |
| आलु | - | दया + आलु | = | दयालु |
| आवट | - | देखाउ + आवट | = | देखावट |
| आनी | - | काट् + आनी | = | कटनी |
| एलु | - | घर + एलु | = | घरेलु |
| अनीय | - | पूज् + अनीय | = | पूजनीय |
| इत | - | पठ् + इत | = | पठित |
| इका | - | पत्र + इका | = | पत्रिका |
| य | - | धीर + य | = | धैर्य |
| तव्य | - | कृ + तव्य | = | कर्तव्य |
| ता | - | कवि + ता | = | कविता |
| आहा | - | लुट् + आहा | = | लुटाहा |
| आन | - | काट् + आन | = | कटान |
| औरो | - | धुप + औरो | = | धुपौरो |
| इक | - | समाज + इक | = | सामाजिक |
| आइलो | - | घाम+ आइलो | = | घमाइलो |
| ली | - | पाल्पा + ली | = | पाल्पाली |
| ले | - | गाउँ + ले | = | गाउँले |
| इयार | - | मत + इयार | = | मतियार |
| पन/पना | - | अटेर + पन/पना | = | अटेरपन/अटेरपना |
| त्व | - | व्यक्ति + त्व | = | व्यक्तित्व |
| इम | - | स्वर्ण + इम | = | स्वर्णिम |
| वान् | - | बल + वान् | = | बलवान् |
| एली | - | जून + एली | = | जुनली |

६. **तलका अनुच्छेदमा दिइएका रेखाङ्कित पदहरू क्रियापद हुन् । क्रियापदले कर्ताले गरेको काम, घटेको घटना, परिस्थिति वा कुनै विशेष अवस्थालाई जनाउँछ । तलको अनुच्छेद पढ्नुहोस् र क्रियापदको पहिचान र प्रयोगबारे बुझ्नुहोस् :**

*हामी नेपालीहरूको गौरवमय इतिहास र विस्मयकारी वर्तमान छ, अब हामीले चमत्कारी भविष्य निर्माण गर्नुपर्ने छ । इतिहासलाई साक्षी राखेर वर्तमानमा इमानदार बनी काम गर्न सक्यौं भने हाम्रो भविष्य सुन्दर हुने छ । तर यसका लागि ठूलो त्याग चाहिन्छ । नेपालीहरू रगत त्याग गर्न सक्छन् प्राण त्याग गर्न सक्छन्, तर स्वार्थ त्यागका अगाडि घुँडा टेक्छन् भन्ने सन्देश जानु हुँदैन । हामी नि:स्वार्थी बनेर देशका लागि काम गर्नुपर्छ । हरेक व्यक्ति, जाति, शक्ति, समूह, र राजनीतिक पार्टीले आफ्ना केही न केही स्वार्थलाई तिलाञ्जलि दिएर मुलुकको समुन्नतिका निम्ति काम गर्नुपर्छ । यहाँ शान्ति र विकासले हाम्रा डाँडा, पाखा र पखेरामा विकासका मूल फुटाउनुपर्छ । नेपाली धर्तीमा चराले शान्तिको गीत गाउने, मयूरहरू नाच्ने, हिमालहरू हाँस्ने र पहाडहरू प्रशन्न हुने वातावरण सिर्जना गर्नुपर्छ । यी सम्पूर्ण कार्यहरूका लागि हामी एकजुट भएर शान्ति स्थापना गरौं । यति गर्न सक्यौं भने हिमालहरू मुसुक्क मुस्कुराउने छन् । झरनाहरूले सङ्गीतको धुन निकाल्ने छन्, तराईमा धानका बाला झुल्ने छन् र पहाडमा सिर्जनाका फुल फुल्ने छन् ।*

puspas.com.np

**माथिको अनुच्छेदमा प्रयोग भएका रेखाङ्कित क्रियापद टिप्नुहोस् र ती क्रियापदलाई प्रयोग गरेर छुट्टै अनुच्छेद तयार गर्नुहोस् ।**

**उत्तर:** छ, गर्न पर्नेछ, सक्यौं, हुने छ, चाहिन्छ, सक्छन्, टेक्छन्, हुँदैन, गर्नुपर्छ, फुटाउनुपर्छ, गर्नुपर्छ, गरौं, मुस्कुराउने छन्, निकाल्ने छन्, झुल्ने छन्, फुल्ने छन्

आजका शिक्षित युवाहरूका अगाडि ठुलो चुनौती खडा छ । उनीहरूले विश्वसँग प्रतिस्पर्धा गर्नुपर्ने छ । हामीले हिम्मत गर्न सक्यौं भने भविष्य हाम्रै हातमा हुने छ । आजका युवालाई प्रविधिको ज्ञान चाहिन्छ । उनीहरूले अवसर पाए निकै ठुल्ठुला काम गर्न सक्छन् । नेपाली युवाले मेहनत गरे अर्को लोकमा पाइला टेक्न सक्छन् । नेपाली युवाले विदेशीहरूका अगाडि झुक्नु हुँदैन । हामीले आफैंले पौरख गर्नुपर्छ । देशमा विकासको मूल फुटाउनुपर्छ । आजका युवाहरूमा केही गरौं भन्ने भावना हुनु आवश्यक छ । नेपाली युवाहरू एक भई जुटेका खण्डमा सारा जनता भविष्यमा मुस्कुराउने छन् झरनाहरूले दिने सङ्गीतको धुन निकाल्ने छन् र खेतहहरूमा धानका बाला झुल्ने छन् र बगैंचामा फुलहरू ढकमक्क फुल्ने छन् । सबैतिर रमाइलो हुने छ ।

## सिर्जनात्मक अभ्यास — पेज ७९

१. **तलका बुँदाहरूलाई समावेश गरी पर्यावरणीय समस्यामा आधारित भएर २५० शब्दमा नघटाई एउटा निबन्ध रचना गर्नुहोस् :**

**हाम्रा वरिपरि फैलिएको वा रहेको हावालाई पर्यावरण भनिनु ......... प्रकृति र पर्यावरण मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय हुनु ....... पर्यावरण प्रदूषित हुनबाट जोगाउने काम मानिसको हुनु ........ आज प्राकृतिक साधन र स्रोतको प्रयोगमा मानिसले विवेक पुऱ्याउन नसक्दा धेरै समस्या आउनु ......... बढ्दो जनसङ्ख्या, वन जङ्गलको विनाश र उद्योग एवम् गाडीले फ्याँक्ने धुवाँका कारण वातावरण प्रदूषित हुनु ........ भूक्षय, बाढी, पहिरो, अतिवृष्टि र अनावृष्टि जस्ता समस्या देखा पर्नु ...... प्राकृतिक सौन्दर्य नासिनु ......... हिमालहरू पग्लिनु ...... मौसममा परिवर्तन आउनु ...... पानीका मुहानहरू सुक्नु ......... विभिन्न रोगका प्रकोप फैलिएर स्थिति भयावह हुनु ......... मानिसलगायत सम्पूर्ण जीवहरूको अस्तित्व सङ्कटमा पर्नु ......... विवेकशील मान्छे पर्यावरणलाई प्रदूषित हुनबाट जोगाउन आफैं सचेत हुनुपर्ने ......... जनस्तरमा चेतना फैलाएर स्वच्छ, सफा र हराभरा वातावरण निर्माणमा जोड दिनुपर्ने ।**

**उत्तर:**

### पर्यावरणीय समस्या

हाम्रो वरिपरि फैलिएको वा रहेको हावालाई पर्यावणीय भनिन्छ । **पर्यावरणीय** भन्नाले हाम्रो वरिपरि फैलिएको वा रहेको हावासँग सम्बन्धित भन्ने हुन्छ । **समस्या** भन्नाले समाधान गर्न गारो विषय भन्ने हुन्छ । यसरी हाम्रो वरिपरि फैलिएको वा रहेको हावामा देखिएको समस्यालाई पर्यावरणीय समस्या भनिन्छ । प्रकृति र पर्यावरण मानव जीवनसँग प्रत्यक्ष सम्बध राख्ने विषय मानिन्छन् । त्यसैले पर्यावरणीय समस्या सिर्जना गर्ने काममा आज मान्छे नै अग्रपङ्क्तिमा देखापर्छ ।

आज पर्यावरणलाई प्रदूषित पार्ने काममा मान्छेको प्रमुख भूमिका रहेको छ । आजको मान्छेले प्राकृतिक साधन र स्रोतको प्रयोगमा विवेक पुऱ्याउन छोडेको छ ।

puspas.com.np

मानिसले आफ्ना सुख र सुविधाका लागि गर्ने क्रियाकलापले वातावरण प्रतिकूल बन्ने गर्छ । मानिसले प्राकृतिक स्रोतको उपयोग गर्दा विवेक पुऱ्याउन आवश्यक छ । प्राकृतिक स्रोत र साधनमा विवेक नपुऱ्याउँदा यसबाट प्रतिकूल स्थितिको सिर्जना हुने अवस्था आउँछ । मानिसका अविवेकी क्रियाकलापले प्राकृतिक स्रोत र साधनमा विकृति उत्पन्न हुन्छ । प्राकृतिक वातावरण विकृत भएमा समस्या उत्पन्न हुन्छ र यस्तो अवस्थामा भूक्षय, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि जस्ता थुप्रै समस्याहरूको सामना मानिसले गर्नुपर्ने हुन्छ ।

वातावरण प्रदूषित हुनुमा बढ्दो जनसङ्ख्या मुख्य समस्याका रूपमा देखिन्छ । जनसङ्ख्याको वृद्धिसँगै वनविनाशको गति तीव्र बन्छ । त्यसै गरी उद्योगधन्दा र गाडी आदिले फ्याँक्ने धुवाँले वातावरण अत्यन्त प्रदूषित बन्ने गर्छ । यसैको परिणाम भूक्षय हुनु, बाढी आउनु, पहिरो जानु र धनजनको क्षति हुनु, अतिवृष्टि र अनावृष्टि जस्ता समस्याहरू देखा पर्छन् । प्राकृतिक सौन्दर्यको विनाशसँगै हिमालहरू पग्लन थाल्छन् । मौसममा ठुलो परिवर्तन देखिन थाल्छ । यति मात्र होइन पानीका मुहानहरू सुक्न थाल्छन् । विभिन्न रोगका प्रकोपहरू फैलिएर स्थिति भयावह हुन्छ । यस्तो बेला मानिस लगायत सम्पूर्ण जीवको अस्तित्व सङ्कटमा पर्छ ।

मानिस एउटा विवेकशील प्राणी हो । प्रकृतिको विनाशले आफ्नै विनाश गर्छ भन्ने बुझेर उसले पाइला चाल्नु जरुरी छ । पर्यावरणलाई जगाउन मानिसले आफैं सचेत नभए कसले गरिदिन्छ । मान्छेले नै जनस्तरमा चेतना फैलाएर स्वच्छ, सफा र हराभरा वातावरणमा जोडदिन सकेका खण्डमा मानव लगायत सम्पूर्ण जीवको कल्याण हुने कुरामा दुई मत रहन्न ।

❑❑❑

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.